## माङसेबुङ गाउँपालिकाको मर्मत तथा संभार कोष संचालन कार्यविधि २०७४

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४।१२।२९

**प्रस्तावना :** माङसेबुङ गाउँपालिकाले संचालन गर्ने आयोजना, योजना विकास निर्माणका क्रियाकलाप तथा भौतिक पूर्वाधारहरुको मर्मत तथा संभार गरी दिगोपना र निरन्तरताको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी माङसेबुङ गाउँपालिकाको सडक, भवन तथा अन्य भौतिक पूर्वाधार मर्मत तथा संभार गर्नका लागि गाउँपालिकाको मर्मत तथा संभार कोष संचालन कार्यविधि २०७५ स्वीकृत गरी लागू गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नामः माङसेबुङ गाउँपालिकाको मर्मत तथा संभार कोष संचालन कार्यविधि, २०७५ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

### परिच्छेद - २
### परिभाषा

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) मर्मत तथा संभार कोष भन्नाले माङसेबुङ गाउँपालिकाले संचालन गरेका पूर्वाधारजन्य प्रकृतिका आयोजना योजनाहरुको नियमित मर्मत, संभार, स्तरोन्नती र तिनको रेखदेख (हेरालुको काम समेत) गर्ने कार्यलाई संझनु पर्दछ ।

(ख) कार्यविधि भन्नाले माङसेबुङ गाउँपालिकाका मर्मत तथा संभार कोष संचालन कार्यविधि, २०७५ लाई संझनु पर्दछ ।

(ग) गाउँपालिका भन्नाले माङसेबुङ गाउँपालिकालाई संझनु पर्दछ ।

(घ) अध्यक्ष भन्नाले माङसेबुङ गाउँपालिकाको अध्यक्षलाई संझनु पर्दछ ।

(ङ) उपाध्यक्ष भन्नाले माङसेबुङ गाउँपालिकाको उपाध्यक्षलाई संझनु पर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(छ) स्थानीय तह भन्नाले गाउँपालिका र वडा कार्यालय समेतलाई संझनु पर्दछ ।

(ज) भौतिक पूर्वाधार भन्नाले गाउँपालिका भित्रका सडक, झोलुङ्गे पुल, कल्भर्ट, कुलो, खानेपानी, सिंचाइ, तटबन्धन क्षेत्र, विद्युतीय क्षेत्र, सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र खेलमैदान र अन्य यस्तै प्रकारका सार्वजनिक भवन तथा संरचनाहरुका अतिरिक्त पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रका पूर्वाधार समेतलाई संझनु पर्दछ ।

(झ) उपभोक्ता समिति भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि आफूहरुमध्येबाट माङसेबुङ गाउँपालिकाको प्रचलित कार्यविधि बमोजिम गठन गरेको समितिलाई संझनु पर्दछ र सो समूहले सेवा प्रयोग कर्त्ताहरुको समूहलाई समेत जनाउँछ ।

(ञ) गैर सरकारी संस्था भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराइ स्थानीय तहसँग समन्वय राखी कार्य संचालन गर्ने गैर नाफामुलक संस्था संझनु पर्दछ ।

(ट) विकास साझेदार भन्नाले गाउँपालिकासँग भएका सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधि सहयोग उपलब्ध गराउने द्विपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था संझनु पर्दछ ।

(ठ) भुक्तानी रकम भन्नाले निर्माण भएको कुनै आयोजनाको भुक्तानी हुँदा गाउँपालिका अनुदान, प्रदेश सरकारको अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको अनुदान तथा उपभोक्ताको लागत सहभागिताको रकमलाई समेत जनाउँदछ ।

(ड) वडा अध्यक्ष भन्नाले माङसेबुङ गाउँपालिकाको वडाको वडाध्यक्षलाई संझनु पर्दछ ।

(ढ) सडक हेरालु भन्नाले माङसेबुङ गाउँपालिकाभित्र बनेका सडक बाटो, पूर्वाधारजन्य संरचना वा सरकारी भवन मर्मत रेखदेख समेतको कार्य गर्ने गरी करार गरिएका सडक हेरालु भनि संझनु पर्दछ ।

### परिच्छेद - ३

## व्यवस्थापन समिति

३. **व्यवस्थापन समितिको गठन :** (१) मर्मत तथा संभार कोषलाई बढि प्रभावकारी, जवाफदेही, पारदर्शी र भरपर्दो ढंगले संचालन गर्नका लागि देहाय बमोजिमको एक मर्मत तथा संभार कोष व्यवस्थापन समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष **-संयोजक**

(ख) गाउँपालिका उपाध्यक्ष **-सदस्य**

(ग) गाउँपालिका सदस्यहरुमध्येबाट अध्यक्षले मनोनित गरको कम्तिमा एक महिला सहित ३ जना **-सदस्य**

(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी एक जना **-सदस्य**

(ङ) प्राविधिक शाखा प्रमुख **-सदस्य सचिव**

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा सम्बद्ध विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठक संचालन कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।

४. **व्यवस्थापन समितिको काम, कर्त्तव्य र अधिकार :** (१) व्यवस्थापन समितिको काम, कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाका विभिन्न आयोजनाहरुको प्राथमिकता तोकी मर्मत तथा संभारको एकिकृत वार्षिक कार्यक्रम बनाउने ।

(ख) मर्मत तथा संभार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

(ग) मर्मत संभारलाई दिगो र भरपर्दो बनाउने उपायहरुको खोजी गर्ने ।

(घ) सडक, झोलुङ्गे पुल, पुलेसा, खानेपानी, सिंचाइ र तटबन्धन क्षेत्रहरुको नियमित मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(ङ) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाहरु साथै पुरातात्विक, साँस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमित मर्मत संभार, स्तरोन्नती सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(च) मर्मत तथा संभार गदौ लाग्ने खर्चमा न्युनिकरण गर्न तत्सम्बन्धी कार्ययोजना बनाउने ।

(छ) मर्मत संभार कार्यलाई प्रभावकारी बनाउने ।

(ज) मर्मत संभार सम्बन्धी कार्यको अनुगमन तथा नीरिक्षण गर्ने ।

(झ) करारमा रहेका सडक हेरालुको पारिश्रमिक निर्धारण गरी सम्बन्धीत वडाध्यक्षहरुसंग समन्वय गरी निजहरुलाई कार्य जिम्मेवारी तोक्ने ।

(ञ) सडक हेरालुको काम सन्तोषजनक भएको नपाइएमा कामबाट हटाई वडाध्यक्षको समन्वयमा नयाँ करार नियुक्ति गर्ने ।

## परिच्छेद - ४
## मर्मत तथा संभार कोष

५. **मर्मत तथा संभार कोषको स्थापना :** (१) मर्मत तथा संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ । जसमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछन ।

(क) नेपाल सरकारबाट मर्मत संभारका लागि प्राप्त हुने रकम ।

(ख) स्थानीय तहको गाउँसभाबाट मर्मत तथा संभारको लागि स्वीकृत भएको रकम ।

(ग) स्थानीय गैर सरकारी संस्थाबाट मर्मत संभारको लीग प्राप्त हुने रकम ।

(घ) विकास साझेदारहरुबाट मर्मत संभारको लागि प्राप्त हुने रकम ।

(ङ) गाउँपालिका तथा वडा कार्यालयबाट संचालन हुने पूर्वाधारजन्य प्राथमिकतामा प्राप्त आयोजनाहरुको भेक्तानी हुँदा मर्मत संभार बापत कट्टी हुने तोकिए बमोजिम रकम ।

(च) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम ।

६. **कोष संचालन :** (१) कोषको नाममा प्राप्त हुन आएका सबै रकम माङसेबुङ गाउँपालिकाको मर्मत तथा संभार कोषको नाममा बैंक खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ । तर गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखा नभएको खण्डमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित नियम अनुसार आन्तरिक लेखा परीक्षण गर्नु पर्नेछ ।

(४) कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद - ५
## योजना छनौट तथा कार्यान्वयन प्रकृया

७. **योजना छनौट तथा कार्यान्वयन :** (१) मर्मत तथा संभार कोषमा जम्मा हुन आएको रकमलाई देहायको प्रकृया पूरा गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ ।

(क) तत्काल मर्मत संभार गर्नु पर्ने भनि स्थलगत रुपमा स्थानीय जनताको माग तथा सोलाई पुष्टि गर्ने प्राविधिक प्रतिवेदन र वडा कार्यालयको सिफारीश प्राप्त भएमा मर्मत संभार सम्बन्धी कार्यहरु छनौट गरी कार्यादेश भएको मितिले संझौतामा उल्लेख भए बमोजिम बढिमा ४५ दिनभित्रमा मर्मत संभार गरिसक्नु पर्नेछ ।

८. **मर्मत संभार कार्य गराउने सक्ने व्यवस्था :** (१) गाउँपालिकाभित्र रहेका भौतिक पूर्वाधारहरुको नियमित मर्मत संभार, पटके मर्मत, आवधिक मर्मत संभार स्थानीय उपभोक्ताहरुबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ । उपभोक्ता समितिबाट कार्य गराउँदा गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यविधि र प्रचलित कानुन बमोजिम गर्न सक्नेछ । साथै स्थानीय साझेदारीको अवधारणलाई आत्मासाथ गर्न देहाय बमोजिम समेत मर्मत संभार गर्न सकिनेछ ।

(क) गाउँपालिकाको लगत सहभागितामा सम्पन्न तथा उपभोक्ता समिति मार्फत निर्माण भएका भौतिक पूर्वाधार कार्यहरुको उपभोक्ता समितिले मर्मत संभारका लागि कुल लागतको २०% रकम जम्मा गरेमा उक्त कार्यलाई प्राथमिकतामा राखी काम गर्ने ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम स्थानीय तहबाट हस्तान्तरण भएका आयोजनाहरुको हकमा ६०% रकम त्यस्ता उपभोक्ता समितिबाट व्यहोर्ने मर्मत संभारका योजनाहरुलाई प्राथमिकतामा राखी छनौट गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## सडक हेरालु सम्बन्धी व्यवस्था

९. **सडक हेरालुको व्यवस्था** : (१) यस कोषबाट पारिश्रमिक व्यहोर्ने गरी प्रत्येक वडामा आवश्यकता अनुसार बढिमा ३ जनासम्म सडक हेरालुलाई मर्मत तथा संभार कोष व्यवस्थापन समितिले मासिक ज्यालादारीमा सेवा करार गर्न सक्नेछ । सडक हेरालुको हरेक वर्षको ज्येष्ठ महिनादेखि असोज महिनाको मसान्तसम्म वर्षमा ५ महिना काम गरे बापत सडक हेरालुहरुको पारिश्रमिक कोष व्यवस्थापन समितिको सिफारीशमा कार्यपालिकाको बैठकले निर्धारण गर्न सक्नेछ ।

(२) यस दफामा लेखिए बाहेकको अन्य कुनै पनि प्रकारको सेवा सुविधा, स्थायित्व, भत्ता वा बिदा सडक हेरालुले दावी गर्न पाउने छैन । साथै बन्द हडताल वा काममा आलटाल गरेको प्रमाणित भएमा सेवाबाट हटाइ पुनः अर्को सेवा करार गरिनेछ ।

## परिच्छेद - ७
## विधि

१०. **विधि :** (१) मर्मत संभार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाको साधरण बहुमतबाट गर्न सकिनेछ ।

(२) यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) यस निदेर्शिकामा उल्लेखित प्रावधानहरु प्रचलित कानुन तथा स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

प्रमाणीकरण मिति : २०७४।१२।२९